


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**सूचना**

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-१२ ।। अङ्क : १२६ ॥ २०७७ भाद्र १३ गते शनिबार (29th Aug. 2020, Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# शिवसताक्षीमा कुलमान घिसिङ चौक नामाकरण







***शिवसताक्षी (प्रस) ।*** झापा शिवसताक्षीको एक चौकको नाम कुलमान घिसिङ चौक नामाकरण गरिएको भेटिएको छ ।

करीब २ वर्ष अगाडि नै उक्त चौकको नाम कुलमान घिसिङ चौक राखिए पनि त्यसले खासै महत्व राखेको थिएन । तर, हाल आएर कुलमान घिसिङको कार्यकाल सकिदैं जाँदा सामाजिक सञ्जालमा उक्त चौकको नामको चर्चा हुन थालेको छ । कुलमान घिसिङलाई नै सोही पदमा निरन्तर राखिनु पर्छ भन्ने सामाजिक सञ्जालमा टिकाटिप्पणी भइरहेको अवस्थामा उक्त चौकको नामले चर्चा पाएको हो ।

शिवसताक्षी १० टेक्राको उक्त गाउँमा बिजुली बत्ती पुगेपनि त्यहाँका बासिन्दाहरुलाई बारम्बार समस्या सिर्जना हुने गरेको थियो । स्थानीय अगुवाहरुको सक्रियतामा त्यस क्षेत्रमा नेपाल विद्युत प्राधिकरणका प्रमुख कुलमान घिसिङले ट्रान्सफर्मर राखिदिने व्यवस्था गरिदिएपछि उनको सम्मानमा चौकको नाम राखिएको हो ।

घिसिङसमक्ष समस्या पुगेपछि उनले सरकारको 'उज्यालो नेपाल कार्यक्रम' अन्तर्गत करीब २२ लाख रुपैयाँको लागतमा १०० केभिए क्षमताको ट्रान्समिटर, बिजुलीका पोल र तार जडान गर्ने प्रतिवद्धता जाहेर गरेको ६ महिना नपुग्दै बिजुली पुगेको र स्थानीयहरुले घिसिङकै कारण बस्तीले मुहार फेरेको भन्दै सम्मानस्वरुप कुलमान घिसिङ चौक राखिएको स्थानीय दिनेश रिमालले बताए ।

स्थानीय डिल्लीराम शिवाकोटीका अनुसार घिसिङले उनीहरुको समस्यालाई नसुनिदिएको भए त्यहाँका कृषकहरुले आकाशे खेतीको भरमा बाँच्नुपर्ने अवस्था आउँथ्यो । लहलह धानका वाली देखाउँदैं शिवाकोटीले भने, 'आफ्नो पदभन्दा आमकृषकहरुको मन जित्न उहाँ सफल हुनुभयो । भनेकै समयमा विद्युतीय मिटरबाट भनेजति सिंचाई गर्न पाएका छौं, योभन्दा खुशीको खबर हामीलाई के होला । माथिल्लो निकायमा कृषकहरुको पनि मन राखिदिने व्यक्ति हुँदारहेछन् । पहिले भुक्किएर लाइन आँउथ्यो हाल त्यस्तो अवस्था छैन । उनको कार्यकाल थपिए कृषकहरुले कृषिमा अझ राहत पाउने थियौ ।'

शिवसताक्षी १० र कनकाई नगरपालिका ४ को बीचमा अवस्थित उक्त गाउँमा करीब २ सय घरधुरी रहेका छन् ।

शिवसताक्षी नगरपालिकाको टापुको रुपमा रहेको टेक्रा गाउँलाई कनकाईले हेपेको र शिवसताक्षीले नदेखेको गाउँ भनिन्छ । सो गाउँ शिवसताक्षी १० को कनकाई नदी पारिपट्टी अवस्थित छ ।

# कोरोना संक्रमणबाट कमल असुरक्षित , मृतकको अन्त्येष्टि



***कमल (प्रस) ।*** समुदायका एकजनाको ज्यान गएको कोरोना भाइरसको संक्रमणबाट झापाको कमल गाउँपालिका असुरक्षित बनेको छ । शुक्रबार विहान कोरोना संक्रमणबाट धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कमल गाउँपालिका-३का ८३ बर्षिय वृद्धको मृत्यु भएको हो । मृत्यु भएका ती वृद्धको अन्त्येष्टि कमल -३ मा पर्ने रतुवामाई वृक्षारोपणस्थित लाओरबोटेमा गरिएको छ ।

शवको अन्त्येष्टि नयाँ श्रीनाथ गण चारआलीको सेनाको शव व्यवस्थापन टोलीले गरेको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले बताए । कोरोना संक्रमण पुष्टि भएपछि वृद्धलाई ९ दिनअघि उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । उनको शुक्रबार बिहान ४ बजे मृत्यु भएको हो । झापामा कोरोना संक्रमणका कारण मृत्यु हुने उनी दोस्रो व्यक्ति हुन् । यसअघि कोरोना संक्रमणका कारण दमक नगरपालिका– १ का ५८ वर्षीय एक पुरुषको मृत्यु भएको थियो । प्रतिष्ठानका प्रवक्ता डा.निदेश सापकोटाका अनुसार ती वृद्धलाई बीएण्डसी हस्पिटल बिर्तामोडले रेफर गरेर वीपी पठाएको थियो । भदौ ३ गते कोरोना पोजेटिभ पुष्टि भएका उनी सोही दिन वीपीमा भर्ना भएका थिए ।

मृतकको मिर्गौलाको दीर्घकालिन समस्या भएर डायलाइसिस पनि गर्नुपरेको थियो भने उच्च रक्तचाप, मधुमेह र अल्परक्त कोषिकाको पनि समस्या भएको प्रवक्ता डा.सापकोटाले जानकारी दिए । मृत्यु भएका ती बृद्धको टोलभरि संक्रमण फैलिसकेको छ । आसपासकै १५ जनामा संक्रमण देखिइसकेको छ। त्यसमध्ये शुक्रबार ५ वर्षका एक बालक , दुई महिला र ६ पुरुष गरी ९ जनालाई पुष्टि भएको हो । मृतकको परिवारमा तीन जना संक्रमित छन् । मृतकका नातिलाई शुक्रबार नै संक्रमण पुष्टि भएको हो ।यसअघि नातिनीलाई संक्रमण देखिएको थियो । उनको आइसोलेसनमा उपचार भइरहेको छ । त्यस्तै सोही केर्खा बजारका संक्रमण देखिएका ५६ वर्षिय मोबाइल पसल संचालकका परिवारका अन्य तीन सदस्यलाई शुक्रबार नै संक्रमण पुष्टि भएको छ । ती संक्रमितका छोरा , आमा र सालोलाई संक्रमण देखिएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताइन् । गाउँपालिकाले समुदायमा संक्रमण रोक्नका लागि भदौ ६ गतेदेखि निषेधाज्ञा जारी गरेको छ ।

त्यसका बावजुद आवतजावत नरोकिएकाले कर्फ्यू नै लगाउनु पर्ने खाँचो देखिएको अध्यक्ष काफ्लेले बताइन् । झापामा शुक्रबार मचीनगर नगरपालिका वडा नं ३ का तीन युवामा संक्रमण पुष्टि भएको छ । ती युवा भारतको बेंगलोरबाट फर्केर क्वारेन्टाइनमा बसेका थिए । त्यस्तै शिवसताक्षी नगरपालिका वडा न. ७ की एक महिलामा पनि संक्रमण देखिएको छ । ती महिला पनि भारतको दिल्लीबाट फर्केकी हुन् । त्यस्तै भारत आसामबाट फर्केका हल्दिबारी ५ का ४० वर्षिय पुरुषमा पनि शुक्रबार संक्रमण पुष्टि भएको हो । शुक्रबार जिल्लाका १४ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

# बिर्तामोड नगर अस्पताल गुणस्तरीय बनाउन माग



***बिर्तामोड (प्रस) ।*** झापाको बिर्तामोड नगरपालिका ३ बिर्ताबजारमा निर्माणाधीन नगर अस्पतालको निर्माण कार्य गुणस्तरीय बनाउन सरोकारवालाको ध्यानाकर्षण गराइएको छ ।

भवन निर्माण अनुगमन समितिले शुक्रबार बिर्तामोड नगरपालिका, ३ नं. वडा कार्यालय र ठेकेदार कम्पनीलाई ज्ञापनपत्र बुझाउदै निर्माणाधीन अस्पतालको काम गुणस्तरहीन हुन नदिन लिखित आग्रह गरेको हो । पर्शुराम सिटौलाको अध्यक्षतामा शुक्रबार बसेको अनुगमन समितिको बैठकले अस्पतालको फाउण्डेसन निर्माणलाई बलियो बनाउन ज्ञापनपत्रमार्फत लिखित आग्रह गर्ने निर्णय गरेको थियो । अनुगमन टोलीले आजै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपतिराज खतिवडा र इन्जिनियर गणेश अर्याल, ३ नम्बर वडाका सचिव भीम अधिकारी तथा ठेकेदार कम्पनीकातर्फबाट साइडमा खटिएका इन्जिनियरलाई ज्ञापनपत्र बुझाएको अनुगमन समितिका सदस्य एवं सञ्चारकर्मी अर्जुन राजवंशीले जानकारी दिए ।

ज्ञापनपत्र बुझ्दै प्रशासकीय अधिकृत खतिवडाले तत्काल ठेकेदार कम्पनीसंग छलफल गरेर नगर अस्पतालको निर्माण कार्य गुणस्तरीय र बलियो बनाउन जुट्ने आश्वासन दिए । अनारमनी स्वास्थ्य चौकीको हाताभित्र २५ बेडको बिर्तामोड नगर अस्पताल निर्माण सुरु भएको छ । बिर्तामोड नगरपालिकाको लगानीमा काठमाण्डौंको धुलिखेल निर्माण सेवा प्रा.लि.ले मूल्य अभिवृद्धि कर बाहेक ४ करोड ८० लाख ९५ हजार १८६ रुपैयाँमा नगर अस्पताल निर्माणको ठेक्का पाएको छ । गत असार ८ गते ठेक्का सम्झौता भएको अस्पताल भवनको काम ०७९ असार १ गतेभित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।



# बेलबारीमा ग्याङफाइट एक जनाको मृत्यु

***बिराटनगर (प्रस) ।*** मोरङको बेलबारी नगरपालिका ५ कसेनीको लोहन्द्रा खोलामा भएको ग्याङ फाइटमा एक जनाको मृत्यु भएको छ । घटनामा परी घाइते भएका एक जना युवाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् । स्थानीय दिनेश श्रेष्ठको समूहले खुकुरी प्रहार गर्दा ४२ वर्षीय सईकुमार राई, ३५ वर्षीय समुन्द्र राई, १६ वर्षीय गौरव राई घाइते भएका छन् । उनीहरूको बिराट टिचिङ हस्पिटलमा उपचार भइरहेको छ ।

शुक्रबार दिउँसो भएको ग्याङ्ग फाइटमा बेलबारीका चन्द्रकुमार राईको मृत्यु भएको मोरङ प्रहरीका प्रमुख प्रहरी उपरीक्षक सन्तोष खड्काले जानकारी दिए । खुकुरी प्रहारबाट घाइते भएका राईको मोरङको बुढीगंगा गाउँपालिका २ टंकिसिनवारीस्थित विराट टिचिङ हस्पिटलमा शुक्रबार ३:१० बजे मृत्यु भएको प्रहरीको भनाइ छ । 'बिहीबार साँझ दुवै पक्षबीच मदिरा सेवन गरी सामान्य विवाद भएको रहेछ,' मोरङ प्रहरीका प्रमुख खड्काले भने, 'त्यही विवादका कारण शुक्रबार विहान बेलबारी ५ कसेनीको पुलमा ग्याङ्ग फाइट भएको रहेछ ।' बेलबारी ५ कसेनीस्थित लोहन्द्रा पुलमा सोही ठाउँका ३२ वर्षीय जितेन चौधरी, २५ वर्षीय दिनेश श्रेष्ठ, ३२ वर्षीय सन्तोष मगरले धारिलो हतियार प्रहार

❖बाँकी अन्तिम पृष्ठमा


# मेचीनगर ७ र ८ हट्यो लकडाउन



***मेचीनगर (प्रस) ।*** झापाको मेचीनगरमा थप तीन जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । नगरपालिका सामाजिक विकास समिति संयोजक तथा वडा नम्वर ४ का वडाध्यक्ष नविन वरालका अनुसार वडा नम्बर २ का १५ र १६ वर्षीय दुई किशोरसहित २१ वर्षीय एक पुरुषमा संक्रमण पुष्टि भएको हो । तीनै जना भारतबाट आएर झापाको मेचीनगर धुलावारीस्थित अतिथि सदनमा बसेका थिए ।

भदौ ९ गते उनीहरुको पिसिआर परीक्षणका लागि थ्रोट स्वाबको नमूना संकलन गरी धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको माईक्रो बायोलोजिकल विभागमा पठाइएको थियो । त्यहाँको परीक्षणमा उनीहरुको पिसिआर परीक्षण पोजेटिभ आएको बरालले बताए ।उनीहरुमा संक्रमण पुष्टि भएपछि मेचीनगर ११ स्थित स्वास्थ्य चौकीको भवनमा व्यवस्थापन गरिएको आइसोलेसन सेन्टरमा राखिने उनको भनाइ छ । योसँगै अब मेचीनगरमा कोभिड १९ को संक्रमितको संख्या १ सय ९ पुगेको पनि ९८ जना निको भएर घर फर्किसकेका छन् ।यता नगरपालिकाले वडा नम्बर ७ र ८ मा घोषणा गरेको लकडाउन खुला गरेको बरालले बताए ।

# उद्योग चलाउन नदिए तालाचाबी बुझ्न आग्रह



*झापा (प्रस)।* कोरोना भाइरस (कोभिड-१९) संक्रमणले प्रभावित औद्योगिक करिडोरमा देखिएको अवाञ्छित गतिविधिले उद्योगी व्यवसायी चिन्तित बनेका छन् । विश्वव्यापी महामारीमा गरिएको लामो समयको लकडाउन र अहिले जारी निषेधाज्ञाले उद्योग कलकारखानाबाट उत्पादित सामानहरू बजारसम्म पुऱ्याउन नपाउँदा धरासायी बनेको निजी क्षेत्रले अहिले क्षमताको १० देखि २० प्रतिशत मात्रै उत्पादन गरेको छ ।

आंशिक रुपमा सञ्चालनमा रहेको उद्योग कलकारखानामा समेत पछिल्लो समयमा केही समूहले अवाञ्छित गतिविधिहरू गर्न थालेकाले यसले निजी क्षेत्रलाई थप चिन्तित बनाएको जनाएको छ । यस्ता गतिविधिलाई रोक्न वीरगन्ज उद्योग वाणिज्य संघले सुरक्षा निकायसँग माग गरेको छ । कोरोना भाइरस संक्रमणको ग्राफ बारा पर्सामा बढेपछि उद्योग कलकारखानामा काम गर्ने भारतीय मजदुर तथा कर्मचारीकै कारणले संक्रमण फैलिएको भन्दै यसको विरोध हुन थालेको थियो । जगदम्बा स्टील उद्योगमा स्थानीयले अवरोध समेत गरेको थियो । यस्तो विषम परिस्थितिमा आफ्नो ज्यानलाई जोखिममा राखेर उद्योग व्यवसायलाई चलायमान बनाई राज्यलाई सहयोग गरिरहेको भएपनि केही समूहले उद्योग क्षेत्रमा देखाएको अवाञ्छित गतिविधिले निजी क्षेत्रको मनोबल कमजोर बनाउन खोजिएको उद्योगी व्यवसायीहरूको बुझाइ छ । वीरगन्ज उद्योग वाणिज्य संघले विज्ञप्ति निकालेर औद्योगिक करिडोरको देखिएको अवाञ्छित गतिविधि रोकेर उद्योग संचालन गर्ने वातावरण बनाउन सुरक्षा निकायसँग माग गरेको छ । संघका अध्यक्ष गोपाल केडियाले हस्ताक्षर गरिएको विज्ञप्तिमा भनिएको छ, 'वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरमा अवस्थित कतिपय उद्योगहरू बन्द हुने अवस्थामा पुगेका छन् भने कतिपय उद्योगहरू पूर्णरुपमा संचालन हुन नसकेको कारण उद्योगहरूले श्रमिकहरू कटौती गरिरहेका छन् । वैदेशिक रोजगारीमा गएकाहरू घर फर्कने क्रममा रहेकाले ती फर्केका नेपालीहरूका कारण ठूलो मात्रामा बेरोजगारी थपिने भएको छ । ती बेरोजगारहरूलाई रोजगारी प्रदान गर्ने निजी क्षेत्र आफै रुग्ण रहेकोले सो चिन्ताको विषय बन्न गएको छ ।'

केही दिनदेखि अनेक नामधारी समूहहरूले करिडोरका उद्योगहरूमा उद्योग संचालन हुन नदिन विभिन्न बाधा, व्यवधान खडा गर्ने, अवरोध सिर्जना गर्ने, उद्योगहरूमा तालाबन्दी गर्ने जस्ता कार्य भईरहेकाप्रति संघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विश्वव्यापी महामारीको विषम परिस्थितिमा कार्यरत श्रमिकहरूको गुजाराका लागि सहारा प्रदान गर्दै विभिन्न व्यवधानका बावजुद पनि उद्योगहरू सञ्चालन गरिरहेका उद्योगहरूमा यस्ता अवाञ्छित क्रियाकलाप हुन नदिन सम्बन्धित निकायहरूमा संघले आग्रह गरेको छ। निजी क्षेत्रले जोखिम मोलेर भए पनि दैनिक उपभोग्य, अत्यावश्यक वस्तुहरूको आपूर्ति गर्दै राज्यलाई चलायमान बनाउन कर, शुल्कहरू बुझाँउदै आएकोले उद्योग व्यवसाय सञ्चालनको वातावरण निर्माण गरिदिन संघको अपिल छ। आंशिक रुपमा संचालन भएको उद्योगहरूबाट उत्पादित वस्तुहरू बजारमा लान समेत अवरोध सृजना भएको भन्दै यसको सहजताका लागि व्यवसायीहरूले माग गरेका छन् ।

वीरगन्ज उद्योग वाणिज्य संघका महासचिव माधव राजपाल भन्छन्, ' औद्योगिक करिडोरका उद्योगहरूको कच्चा पदार्थहरू ड्राईपोर्टबाट लोड गरेर जान्छ । परवानीपुर, जितपुरबाट मजदुर चढेर जान्छन् । उनीहरूलाई भारतीय मजदुर भनेर दुर्व्यवहार गर्छन् । कि त भन्दिनुस् नेपाललाई उद्योग कलरखाना चाहिदैन भनेर, हामी सरकारलाई तालाचाबी बुझाउन तयार छौं ।' उद्योगी व्यवसायीहरूको पीडा सुनाउदै उनले थपे, 'दुईचारजना गुण्डा मिलेर उद्योग बन्द गरिदिने, जनप्रतिनिधिले नै उद्योगमा ताला लगाउने, यो अराजकताको पराकाष्टा होईन ?' उनको प्रश्न छ, 'यस्तो माहोलमा कसरी उद्योग चल्छ ? सरकारले कर लिने बेला निषेधाज्ञा खोलिदिन्छ । तिरिसकेपछि निषेधाज्ञा लगाईदिने । यो कठिन परिस्थितिमा संचालन गरिएका उद्योगको उत्पादन बजारसम्म लाने वातावरण बनाई दिनुपऱ्यो । निषेधाज्ञामा यहाँ उत्पादन हुने खाद्यान्न सामान काठमाडौं जाने अनि अरु उत्पादन जान नपाउने ? यो कस्तो व्यवहार हो र राज्यको ?' कोरोनाको नाममा पूरै देशलाई भयावह बनाएको र यसले निजी क्षेत्र निकै चिन्तित भएको महासचिव राजपालको भनाइ छ ।

# प्रदेश-१ले विद्यालय सञ्चालन गर्ने तयारी




*झापा (प्रस) ।* विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण बन्द रहेको प्रदेश -१ सरकारले सिकाई सञ्चालनको तयारी शुरु गरेको छ । सामाजिक विकास मन्त्री जीवन घिमिरेले स्थानीय तहका प्रमुख/उपप्रमुख तथा शिक्षा क्षेत्रसँग संवन्धित व्यक्तिसँग परामर्श गरी विद्यालयमा सिकाई सञ्चालनको मार्गनिर्देशन तयार गर्न दिएको निर्देशन दिए ।

मन्त्री घिमिरेको निर्देशन अनुसार मन्त्रालयको शैक्षिक महाशाखाले छलफल गरी सुझाव संकलन गरेको छ । मन्त्रालयले विद्यालयमा सिकाई सञ्चालनका लागि संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरेर अघि बढ्ने जनाएको छ । मन्त्रालयले प्राप्त गरेको सुझाव अनुसार चाँडै बैठक बसेर निष्कर्षमा पुगिने मन्त्री घिमिरले बताए ।

सामाजिक विकास मन्त्रालयले स्थानीय तहका प्रमुख/उपप्रमुख, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, शिक्षक महासंघ, प्याब्सन, एनप्याब्सन, अभिभावक संघसँग छलफल गरी संकलन गरिएको सुझाव शिक्षा मन्त्रालयसमक्ष पेश गरेको छ । मन्त्रालयले विद्यालयमा असोजदेखि सिकाई सञ्चालनको सुझाव दिएको छ ।

मन्त्रालयले विहान र दिउँसो दुई चरणमा विद्यालय सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ। उसले जोर विजोर विद्यार्थी (रोल नम्वरका आधारमा), प्रणालीबाट कक्षा सञ्चालन गर्न सकिने सुझाव दिएको छ । स्थानीय तहमा प्रत्येक विद्यालयको शिक्षक सदस्य रहने गरी कोभिड टाक्स टिम तयार गर्ने र टिमको सुझाव अनुसार विद्यालय सञ्चालन गर्न सकिने सुझाव दिइएको छ ।

# भाइको उद्धार , दिदीको डुबेर मृत्यु



*झापा (प्रस) ।* झापाको बिर्तामोड ७ मा खोलामा डुबेका दिदीभाइमध्ये भाइको उद्धार गरिएको छ भने दिदीको मृत्यु भएको छ । बिर्तामोड नगरपालिका-७ बस्ने अनवारुन मियाकी ९ वर्षीया छोरी अन्सारी खातुनको खोलाको पानीमा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो ।उनका भाइलाई भने छिमेकीले उद्धार गरेका छन् ।

बिहिवार दिउँसो ३ बजेको समयमा घर नजिकै रहेको खोलामा पौडी खेल्ने क्रममा उनीहरु डुबेका थिए । भाइलाई डुब्ने बित्तिकै उद्धार गरेका स्थानीयले उनकी दिदी पनि डुबेको पछि थाहा पाएको प्रहरी चौकी गरामनीका प्रहरी सहायक निरीक्षक मानबहादुर थापाले बताए


प्रतिदिन दैनिक अब इ-पेपरमा पनि
www.pratidindaily.com



# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


# एमसीसीमा नरम बन्दै नेकपा

*बिर्तामोड (प्रस) ।* अमेरिकी अनुदान सहयोगको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को ऊर्जा र सडक परियोजनाबारे नेकपा नरम बन्दै गएको छ । एमसीसी कम्प्याक्ट संसद्‌बाट अनुमोदन गर्ने विषयमा पार्टीभित्र लामो विाद हुँदा तोकिएको समयमा अघि बढाउन नसकिएको परियोजनाबारे नेकपा नरम बन्दै गएको हो ।

पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा गठित समितिले गत फागुनमा दिएको प्रतिवेदनका अधिकांश बुँदा संशोधनमा जोड दिएको थियो । तर, नेकपाभित्रका समस्या समाधानका लागि सुझाव दिन गठित कार्यदलको प्रतिवेदनमा भने विगतभन्दा नरम हुने संकेत गरेको छ । कार्यदलले दिएको प्रतिवेदन उपर स्थायी र सचिवालमा छलफल गर्ने तथा सम्झौतालाई राष्ट्रिय हितमा स्पष्ट पार्ने गरी आवश्यकताको आधारमा परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने उल्लेख छ । विगतको प्रतिवेदनले यथास्थितिमा पारित गर्न नहुने भन्दै प्रतिवेदन दिएपनि पछिल्लो प्रतिवेदनले भने परिमार्जन र संशोधन दुवै गर्न सक्ने उल्लेख गरेको छ ।

नेकपाका एक केन्द्रीय नेताले सत्ता पाउने र नपाउने विषयसँग विगतमा एमसीसीलाई जोडिएको भएपनि अहिले आएर कार्यदलले नेकपाभित्रको चरम विवादलाई समाधान गर्ने गरी प्रतिवेदन दिएकोले एमसीसीको विवाद पनि सकिने बताए । उनका अनुसार, पार्टीले विगतको प्रतिवेदनको आधारमा यसबारे सम्बन्धित निकायसँग स्पष्ट पार्नका लागि सोध्ने र यसको आधारमा एमसीसी अघि बढाउन सक्ने अवस्था रहेको छ । विवाद समाधानतर्फ गएसँगै एमसीसीको विरोध पनि मत्थर हुँदै गएकोले नेकपाभित्र पनि एमसीसीबारे नरम धारणा बन्दै गएको सबैको बुझाई छ ।

एक वर्षअघि संसद्‌को वर्षे अधिवेशनमै सरकारले संसदबाट अनुमोदन गर्ने प्रतिवद्धता जनाएपनि त्यसपछिको पनि हिउँद र वर्षे संसदबाट पनि नेकपाभित्रको विवादको कारणले अनुमोदन हुन सकेन । गत १६ साउनदेखि निर्माण सुरु गर्ने लक्ष्य राखिएको परियोजनाको काम अनुमोदन नहुँदा रोकिएको छ । सरकारले समेत एमसीसीलाई पत्र लेखेर म्याद थपका लागि भनिसकेको छ तर एमसीसीले कहिलेसम्म म्याद थप गर्ने भनेर स्पष्ट नखुलेकोले यसबारे थप निर्णय भने भएको छैन । १० वर्षअघि सुरु भएको सो परियोजना नेकपाभित्रको विवादको कारण अन्योलमा छ । पार्टीभित्र विवाद बढेपछि नेकपाले २० माघमा पूर्वप्रधानमन्त्री झलनाथ खनालको संयोजकत्वमा भीम रावल र प्रदीप ज्ञवाली सदस्य रहेको कार्यदल बनाएको थियो । सरकारले मन्त्रिपरिषद्‌बाट पारित गरेर संसद् पठाएपछि ठूलो वहस भएको परियोजनाबारे कार्यदलले प्रतिवेदनमा यथास्थितिमा अनुमोदन गर्न नहुने भन्दै १६ बुँदामा सुझाव दिएको छ । सुझावप्रति परराष्ट्र मन्त्रीसमेत रहेका कार्यदल सदस्य ज्ञवालीले भने १५ बुँदाको फरक विचार राखेका छन् ।




एमसीसीबारेको प्रतिवेदनमा एमसिसीअन्तर्गत नेपाललाई प्राप्त हुने अनुदान अमेरिकी सामरिक र रणनीतिक लक्ष्यअन्तर्गत इण्डोप्यासिफिक रणनीति (आईपीएस) सँग सम्बन्धित नभएको र नहुने कुरा सुनिश्चित हुने गरी नेपाल र अमेरिकाबीच औपचारिक पत्राचारद्धारा प्रस्ट गरिनुपर्ने र यस विषयमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आवश्यक पहल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनले एमसीसी अमेरिकाको राष्ट्रिय सुरक्षा र रक्षा नीति अन्तर्गत अघि बढेको देखिएको उल्लेख छ । 'सन् २००२ देखि नै एमसिसी तथा त्यसअन्तर्गत सञ्चालन हुने मिलेनियम च्यालेञ्ज कम्प्याक्ट र मिलेनियम च्यालेञ्ज अकाउन्ट अमेरिकी राष्ट्रिय सुरक्षा र रक्षानीतिअन्तर्गत अगाडि बढाइएको देखिन्छ । विभिन्न समयमा अमेरिकी रक्षा मन्त्रालयद्धारा प्रकाशित सुरक्षा र रक्षा रणनीतिसम्बन्धी प्रतिवेदनहरूमा उक्त कुरा उल्लेख गरिएको छ' प्रतिवेदनमा भनिएको छ । अमेरिकी दुतावासले एमसीसी परियोजना इण्डो प्यासिफिक अन्तर्गत नरहेको स्पष्ट पारिसकेको छ भने यसमा शंका लागेमा संसदबाट संकल्प प्रस्ताव पारित गर्न सकिने पनि विभिन्न विज्ञहरूले बताउँदै आएका छन् ।

३१२ किलोमिटरको प्रसारण लाइन निर्माण र आधुनिक रूपमा १ सय किलोमिटर सडकको स्तरोन्नति गर्ने सो परियोजनालाई नेपालका लागि महत्वपूर्ण मानिएको छ । एमसीसीको झण्डै ५५ अर्ब अनुदानसहितको ऊर्जा र सडक परियोजना आगामी असार महिनादेखि सुरु गर्ने लक्ष्य सहित अघि बढाएको परियोजना अघि बढाउन सन् २०१७ मा दुई वर्षअघि तत्कालीन शेरबहादुर देउवा सरकारले मिलेनियम च्यालेन्ज कम्प्याक्टमा हस्ताक्षर गरेको थियो । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीकै कार्यकालमा एमसीसी परियोजना कार्यान्वयनका लागि नेपालकै कानुनअन्तर्गत अर्थसचिवको संयोजकत्वमा मिलेनियम च्यालेन्ज एकाउण्ट (एमसीए) गठनदेखि आर्थिक रुपमा परियोजनायोग्य बनाउन राखिएको बुटवल-गोरखपुरको अन्तरदेशीय प्रसारण लाइनको मोडालिटी, आयोजना कार्यान्वयन सम्झौतालगायत सम्पन्न भैसकेका छन् । सन् २०११ देखि प्रक्रिया सुरु गरेर प्रतिस्पर्धामार्फत सन् २०१५ मा नेपालले परियोजना पाएको थियो ।


# पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

## औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


## बेलबारीमा...



गरेको प्रहरीले जनाएको छ। खुकुरी प्रहार गर्ने जितेन चौधरी समेत घाइते छन् । उनको पनि उपचार भइरहेको छ। धारिलो हतियार प्रहरीले बरामद गरेको छ। घटनामा संलग्न तीन जना फरार छन् । फरार हुनेहरू दिनेश श्रेष्ठ, बिक्रम राई र सन्तोष मगर हुन् । इलाका प्रहरी कार्यालय बेलबारीका प्रमुख प्रहरी निरीक्षक ऋषिराज ढकालको नेतृत्वको टोलीले फरार भएकाहरूको खोजी कार्य तीब्र बनाएको जनाएको छ ।


# बिमा लेख हरायो

एलआइसी इन्स्योरेन्स कम्पनी लिमिटेड बिर्तामोड शाखाबाट बिन्दुकुमारी सुबेदीको नाममा जारी ६००००२४२४ नम्बरको बीमालेख अर्जुनधाराबाट बिर्तामोड जाने क्रममा हराएकोले नजिकको प्रहरी कार्यालय वा तलको मोबाइल नम्बरमा सम्पर्क गरी बुझाइ दिनु हुन अनुरोध गरिन्छ ।

नाम :- बिन्दुकुमारी सुवेदी
मोबाइल :- ९८४२७१०१८०, ९८४२६९९३०२
ठेगाना: अर्जुनधारा,झापा



# हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

## सफलतापूर्वक उपचार हुने समस्याहरू



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# लकडाउनको औचित्य पुष्टि

बढ्दो कोरोना संक्रमणलाई नियन्त्रण गर्न देशभर लकडाउन र निषेधाज्ञा जारी छ। कही लकडाउन त कही निषेधाज्ञा अनि कतै सिल। लकडाउन, निषेधाज्ञा र सिल के हो भनेर आमसर्वसाधारण अलमलिन थालेका छन्। कुन नरम र कुन कडा भनेर छुट्याउनै गाह्रो भएको हो। लकडाउनमा के के गर्न मिल्ने हो र के के नमिल्ने हो भनेर सर्वसाधारण झुक्किने गरेका छन्।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लगाएको भनिरहँदा स्थानीय तहले निषेधाज्ञा नभएर लकडाउन लगाएको भनिरहेका छन्। निषेधाज्ञा भनेपनि लकडाउन भनेपनि विश्वव्यापी कोरोनाको महामारीबाट सर्वसाधारणलाई जोगाउन बनाएको नियम हो। त्यसको पालना गर्नु स्वयम् आफ्नै लागि हो। अहिले कोरोना शीतल निवास, सिंहदरबार, प्रचण्ड निवासलगायतका हाई प्रोफाइल व्यक्तिहरूकामा पसिसक्यो, कसैको घरमा भने ढोका ढकढक्याउँदै छ। जब सरकारले लकडाउन हटाउने निर्णय गऱ्यो, ठीक त्यतिबेलै कोरोनाले समुदायमा नै सेल्टर बनाउन थाल्यो। लकडाउनको समयमा भारत पसेका मजदुरहरू पनि बिना पिसिआर टेस्ट रातारात काठमाडौं छिरे। कतिपय युवाहरूले आरडीटीको विश्वसनीयता र पिसिआरको मात्रा बढाउने कुरालाई लिएर आन्दोलन गरे। यसरी आन्दोलन र खुला ठाउँको भीडले कोरोना झन् बीचबीचमा छिर्न पायो। पहिला लकडाउन सुरु गर्दा दुई/चार जनामा सीमित कोरोनाको मनोवैज्ञानिक त्रास त थियो नै समुदायमा उसले ठाउँ पाएको थिएन। अहिले कोरोनाले जताततै घेरिसक्यो तर मानिसहरू बिनामास्क र सामाजिक दूरी कायम नगरी आवतजावत गरिरहेका छन्। मानौं उनीहरू जे गर्न पनि स्वतन्त्र छन् र मास्क लगाउन पनि प्रहरीको आँखा छल्नका लागि मात्र प्रयोग गर्दछन्।

चैत ११ बाट सुरु भएको लकडाउन ६ साउनमा औचित्यहीन समाप्त भयो। जब लकडाउन खुला गरियो, तब कोरोना परालको आगोझैं दन्कियो। अव नागरिकले आफूले आफैंलाई मूल्यांकन गरेर सचेतना अपनाएर आफ्नो सुरक्षाको जिम्मा आफैंले लिनुपर्ने अवस्था छ। अब आउने चाडपर्वहरूमा संयमता नअपनाई हुँदैन र धेरै भीडभाड नगरी सामाजिक दूरी कायम गरेर मुखमा मास्क अनिवार्य लगाउनुपर्दछ। अहिले लकडाउनबाट सटडाउनमा पुगेको अवस्थामा यो देशमा फेरि के हुने हो टुंगो छैन।

# अपाङ्गता भएका व्यक्तिप्रति स्थानीय सरकारको जिम्मेवारी



❖डा. लक्ष्मणप्रसाद ज्ञवाली

संसारमा थोरै राज्यहरूमा मात्र संघीय शासन व्यवस्था लागू छ। अर्थात जम्मा २६ वटा देशले यो पद्दति अवलम्बन गरेका छन्। यी मध्ये सबैभन्दा पहिले संघीय प्रणाली अपनाउने मुलुक संयुक्त राज्य अमेरिका हो भने नेपाल सबैभन्दा नयाँ मुलुक हो। अमेरिकाको इतिहास अध्ययन गर्दा सत्रौं शताव्दीको अन्त्यतिरबाट संघीयता प्रचलनमा रहेको छ।

तीन शताव्दीको लामो अभ्यास बोकेको र संघीय प्रणालीको क्षेत्रमा धेरै आरोहअवरोह पार गरी प्रचुर अनुभव संगालिसकेको मुलुकको तुलनामा नेपालमा पनि उत्तिकै दीगो र अभ्यस्त नेतृत्व खोजिनु कति सान्दर्भिक होला विचारणीय छ। संघीय प्रणाली अवलम्बन गरेका मुलुकहरूमा पनि शक्ति सन्तुलनको अवस्था फरक-फरक रुपमा रहेको पाइन्छ।

कुनै-कुनै मुलुकले प्रदेशहरूलाई धेरै शक्तिशाली बनाएका छन् भने कुनै मुलुकमा केन्द्रकै नियन्त्रण बढी रहेको छ। जेहोस् यिनै संघीय प्रणाली लागू गर्ने मुलुकहरूको सूचीमा नेपाल पनि रहेको छ। वर्तमान संविधानको कार्यान्वयन अवधि र आम नेपालीहरूको अपेक्षाको सन्तुलन भने मिलेको छैन। राजनेताहरूको शासकीय अनुभवको तुलनामा जनताको परिवर्तनको चाहना अति तीव्र रहेको महसुस गर्न सकिन्छ।

नेपाल अहिले संघीय प्रणाली अवलम्बन गरेको तर संघीय संरचनामा अभ्यस्त भै नसकेको अवस्थामा छ। मुलुकमा अहिले तीन तहका सरकारहरू रहेका छन्। पुरानै एकात्मक शैलीबाट राजनैतिक चरित्र निर्माण गरेका नेपाली राजनीतिज्ञहरूलाई संघीय संरचनाको शक्ति बाँडफाँड कताकता नमिलेजस्तो हुनु स्वाभाविकै हो।

संविधानको विद्यमान व्यवस्था अनुसार सबैभन्दा माथि संघीय सरकार, बीचमा प्रदेश सरकार र सबैभन्दा तल गाउँ वा नगर सरकार सन्चालनमा रहेका छन्। तर राज्यका कानूनहरूमा गरिएका व्यवस्थाहरू भने पुरानै एकात्मक शैलीकै छन्। संविधानले अधिकार बाँडफाँड गर्दा पनि कैयौं कुराहरू दोहोरो वा तेहरो स्वामित्वमा रहने गरी व्यवस्था गरेको छ। संविधान निर्माण गर्ने निर्माताहरू नै एकात्मक र केन्द्रिकृत सोचबाट प्रस्तुत भएको हुनाले यो अवस्था आएको हो। यदि उनीहरूको सोचमा विकेन्द्रीकरणप्रति अनुभव र विश्वास हुन्थ्यो भने अधिकारहरूको दोहोरो वा तेहरो स्वामित्वको प्रावधान राखिने थिएन। पुरानो सौँचबाट नयाँ चिन्तनमा रुपान्तरण हुन समय लाग्छ। पूर्ण अभ्यस्त हुन बाँकी नै रहे पनि शुरुवात भने भएको छ।

मुलुकमा अन्य व्यवस्थाहरू जे जसरी बाँडफाँड गरे पनि अपाङ्गता भएका व्यक्तिहरूको व्यवस्थापन गर्ने जिम्मा भने स्थानीय सरकारलाई सुम्पिएको छ। स्थानीय सरकार सन्चानल ऐन २०७४ को दफा ११ (२) (त) मा जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र असहायहरूको व्यवस्थापन जिम्मेवारीलाई किटान गरिएको छ। उक्त दफामा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय व्यक्तिहरूको सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन र व्यस्थापन गर्नु पर्ने कुरा उल्लेख छ। यसमा संघ र प्रदेशको अधिनमा रही उक्त कार्य गर्नु पर्ने भएको हुनाले स्थानीय तहले केन्द्रीय कानुनकै कार्यान्वयन गर्नु पर्ने अवस्था देखिन्छ। वृहत्तर स्वतन्त्रतासहित स्थापित स्थानीय सरकारले आफ्नो अधिकार कति प्रयोग गर्न सक्छ यसै भन्न सकिने अवस्था छैन। जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायहरूको लगत राख्ने, उनीहरूलाई पहिचान स्वरुप परिचयपत्र प्रदान गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यवस्थापन गर्नेसम्मको काम स्थानीय तहको छ। त्यस्तै उनीहरूको भेटघाट स्थल व्यवस्थापन गर्ने, क्लब बनाउने जस्ता काम सो सरकारको काम कर्तव्यभित्र राखिएको छ। अपाङ्ग पुनःस्थापन केन्द्र, अशक्त स्याहार केन्द्र र जेष्ठ नागरिक केन्द्र सन्चालन गर्न सक्ने प्रावधान पनि गरिएको छ। यस्ता कार्यहरू संघ र प्रदेशको समन्वयमा गर्नु पर्ने व्यवस्था छ। त्यति मात्र होइन सडक बालबालिका तथा मानसिक सन्तुलन गुमाएका व्यक्तिहरूको पुनःस्थापनको जिम्मा पनि स्थानीय सरकारलाई नै सुम्पिएको छ। त्यसैगरी जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवं असहायहरूको लागि आवश्यक पर्ने अन्य आवश्यक कार्य गर्न सक्ने प्रावधान समेत उक्त दफामा उल्लेख छ।



यसलाई सरसर्ती हेर्दा स्थानीय सरकार आफैंमा धेरै जिम्मेवारी भएको त देखिन्छ तर उसलाई सबै कार्य स्वतन्त्र रुपमा गर्न पाउने अवस्था भने रहेको देखिन्न। एक त स्थानीय सरकारसँग पर्याप्त स्रोतको अभाव, अर्को तर्फ संघ र प्रदेश सरकारको अंकुश जस्ता प्रावधानहरूले यो कार्य कति प्रभावकारी होला सहजै अनुमान गर्न सकिन्छ।

ऐनमा भएका प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउने समयमा सर्वप्रथम अपाङ्गता भएका व्यक्तिहरूको पहिचानकै समयमा समस्या उत्पन्न हुन्छ। राज्यले कानूनमा उल्लेख गरी जारी गरेको निर्देशनलाई कसैले पनि नकार्न त हुँदैन तर व्यक्तिलाई पहिचान दिने निकाय फरकफरक बनाइनु समस्याको मुख्य कारण हुन्छ। राज्यले व्यक्तिलाई नागरिकता लगायतका पहिचान दिने कार्यहरू निकै संवेदनशीलता साथ सोचेर मात्र गरिनु पर्छ।

अपाङ्गता भएका व्यक्तिहरूको पहिचानकै समयदेखि समस्या उत्पन्न भएको छ। बोलवालाहरूले विभिन्न दवावमा पारी सेवा सुविधाहरू बढीभन्दा बढी लिने र कमजोर व्यक्तिले कुनै पनि सुविधा उपभोग गर्न नसक्ने अवस्था हाम्रो समाजको पहिलेदेखिकै समस्या हो। स्थानीय सरकारलाई यसमा दोहोरो दवाब पर्न सक्छ। हुनत स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका सबै व्यक्तिहरूबारे जानकारी राख्न सक्छ तर बोलवालाहरूको दबावले गर्दा निमुखाहरू अझै बढी विभेदमा पर्न सक्ने खतरा उत्तिकै रहन्छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ ले अन्य कुराका अतिरिक्त स्थानीय तहमा एक समन्वय समितिको गठन गरिने प्रावधान गरेको छ। गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा गठन हुने उक्त समितिको काम कर्तव्य र अधिकारमा अपाङ्गता भएका ब्यक्तिको हक हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने भन्ने उल्लेख छ। यसबाट स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र अपाङ्गताका क्षेत्रमा कार्यरत संघसंस्थाहरूका बीच समन्वय गरी आफैंले काम गर्ने वा त्यस्तो कार्य अन्य कुनै निकायलाई गर्न जिम्मा लगाउन निर्देशन गर्न सक्ने प्रावधान रहेको छ। त्यस्तै उक्त दफामा अपाङ्गताका वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएका सम्बन्धमा दुविधा भएका ब्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचय पत्र प्रदान गर्ने कार्यालयलाई सिफारिस गर्नेसम्मको कार्य समन्वय समितिको रहेको स्पस्ट पारिएको छ।

त्यसैगरी स्थानीय तहभित्र अस्पताल विद्यालय लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका ब्यक्तिको पहुँच सहज गराउन अपाङ्गतामैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने कार्य पनि स्थानीय तहलाई किटानीसाथ जिम्मा दिइएको छ। स्थानीय तहले आफ्नो भूगोलभित्र रहेका सबै सार्वजनिकस्थल विद्यालय वा अस्पताल जस्ता सरकारी वा सार्वजनिक सबै ठाउँलाई अपाङ्गतामैत्री अनिवार्य बनाउनु पर्ने प्रावधान छ। त्यतिमात्र होइन उक्त दफाले स्थानीय तहभित्र रहेका अपाङ्गता भएका ब्यक्तिको अभिलेख संकलन अध्यावधिक गर्न लगाउने भन्ने व्यवस्था गरेको छ। यसबाट स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूको तथ्यांक अनिवार्यरुपमा लिइ त्यसलाई अद्यावधिक समेत गरिरहनु पर्ने बाध्यात्मक व्यवस्था गरिएको छ।

त्यसैगरी अपाङ्गता भएका ब्यक्तिका सम्बन्धमा स्थानीय तहमा संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने काम पनि स्थानीय सरकारको रहेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावलीमा तोकिएका अन्य कार्य गर्ने भनी ऐनमा उल्लेख नभएका तथा भविष्यमा आइपर्ने अरू कामका लागि लचिलो र खुकुलो व्यवस्था गरिएको छ। ऐनको दफा ४३ को यो व्यवस्थाले स्थानीय सरकारलाई अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा पूर्ण जिम्मेवार बनाउन खोजेको छ।

माथि उल्लेखित दुवै ऐनको मनसाय हेर्दा अन्य व्यवस्था जो जसका भागमा परेपनि अपाङ्गता सम्बन्धी सम्पूर्ण कार्य स्थानीय तहबाटै गरिनु पर्ने व्यवस्था गरिएको छ। स्थानीय सरकार सन्चालन ऐनमा भएको उक्त समावेशी व्यवस्थाको परिपुरकको रुपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनमा स्थानीय तहको काम कर्तव्य र अधिकारको रुपमा गर्नु पर्ने कार्यहरू तोकिएका छन्। उपरोक्त दुवै ऐनहरूका प्रावधानहरूबाट कानूनी समावेशीताको सामान्य अभ्यास शुरु हुन लागेको महसुस गर्न सकिन्छ।

जसरी स्थानीय सरकार सन्चालन ऐनमा अपाङ्गताको सवाल समावेशी स्वरुपमा ल्याइएको छ, त्यसैगरी सबै सामान्य कानूनहरूमा अपाङ्गताको सबाल अनिवार्य रुपमा समावेश गरिनु पर्छ भने अपाङ्गता विशेष कानूनमा अन्य वर्ग जस्तै- महिला, दलित, मधेशी, जेष्ठ नागरिक आदिको समावेशीकरण भएको हुनु पर्छ। सबैभन्दा कान्छो संघीय राज्य नेपालको स्थानीय तहको दायित्वमा रहेको अपाङ्गता भएका व्यक्तिहरूको व्यवस्थापन बारेको सोच भने परिपक्व नै छ। भविष्यमा निर्माण हुने सबै तहका कानूनहरू अपाङ्गता मैत्री र हरेक दृष्टिकोणबाट समावेशी बन्दै गए भने देशमा संघीय व्यवस्था दीगो हुनेछ।

# विकल्पबिनाको लोकतन्त्र



❖शान्ता मरासिनी

**हामीले अँगालेको प्रतिनिधिमूलक लोकतन्त्र जनमुखी र न्यायमुखी हुन नसकेकाले आलोचित भइरहेछ। यसले निर्वाचन प्रणालीको उपयुक्त छनोट गर्न सकेन र समाजको गति र आवश्यकतालाई पक्रेन।**

कोरोना महामारीका कारण आर्थिक-सामाजिक क्षेत्र आक्रान्त बनेको छ। दल अनि सरकारको नेतृत्व परिवर्तन गर्ने कि निरन्तरता दिने भन्ने खेलमा राजनीति रुमलिएको छ। सार्वभौमसत्तासम्पन्न भनिने जनता निरीह भई त्यस्तो खेलको रमिते बन्न बाध्य छन्।

हामीले अँगालेको प्रतिनिधिमूलक लोकतन्त्र जनमुखी र न्यायमुखी हुन नसकेकाले आलोचित भइरहेछ। यो व्यवस्थाले क्षेत्रीय, वर्गीय, जातीय, लैंगिक एव आर्थिक समानता कायम गर्न सकेन किनभने यसले अंकगणितीय खेललाई मात्र प्रश्रय दिइरह्यो। यसले निर्वाचन प्रणालीको उपयुक्त छनोट गर्न सकेन र समाजको गति र आवश्यकतालाई पक्रेन। त्यस्तै, लोकतन्त्रका नवीन अनि असल प्रयोगहरूको अभ्यास भएन र जनप्रतिनिधिहरूले मतदाताको आकांक्षामाथि खेलबाड गरे। उनीहरूले शक्ति र सत्तालाई मात्रै प्राथमिकता दिइरहे भन्ने गुनासो सर्वत्र छ। सँगसँगै राजनीतिले लोकतन्त्रलाई सीमित गरेको विश्लेषण गर्न थालिएको छ। दलको आन्तरिक कलह, असमावेशी चरित्र, दलसम्बन्धी कानुनको पालनामा बेवास्ताजस्ता कारण मतदाताले जनप्रतिनिधिमाथि नियन्त्रण खोज्न थालेका छन्। जनप्रतिनिधिलाई नियन्त्रण गर्ने अभ्यास कतिपय विकसित राष्ट्रले प्रयोगमा ल्याइसकेका पनि छन्। दलको अवधारणा जनताको संगठित हुने र राज्यसत्तामा प्रभाव पार्ने चाहनाको उपज



हो। प्रजातान्त्रिक व्यवस्थामा निर्वाचित प्रतिनिधिले शासन सञ्चालन गर्ने हुँदा जनहितका नीति बन्छन्। राज्य सञ्चालनको दर्शन राजनीति हो र त्यसका दार्शनिक राजनीतिज्ञ हुन् भन्ने सिद्धान्त स्थापित छ। इतिहासले नेता बनाउँदैन, नेताले इतिहास बनाउने हो। लोकतन्त्रले नेतालाई इतिहास बनाउने मौका दिन्छ। लोकतन्त्रको सुन्दर पक्ष मतको सम्मान, बहुदलीय अभ्यास र समानुपातिक प्रतिनिधित्व हो। हामीले अभ्यास गरेको लोकतन्त्र प्रतिनिधिमूलक मानिन्छ। प्रतिनिधिमूलक लोकतन्त्रलाई उत्कृष्ट मान्दामान्दै पनि नेतृत्वमा पुगेकाहरू लामो समय सत्तामा बस्न विभिन्न बहाना रचेर नियमित चुनावलाई पर धकेल्दै जान्छन्। यस्तो चरित्र प्रत्येक दलको नेतृत्वमा देखिन्छ। यो विचित्रको राजनीतिक खेल हो, जहाँ शाश्वत नियम छैन। नेता आफैंले खेलका नियम बनाउँछन् र आफैं खेल्छन्। यस्तो खाले विशेषता प्रायः प्रजातान्त्रिक पद्धति संस्थागत हुन नसकेका देशहरूमा बढी मात्रामा देखिन्छ।

सिद्धान्ततः राजनीतिक विचार र दर्शनलाई जनाधार तहसम्म पुऱ्याई लोकतन्त्रको वास्तविक अभ्यास गराउन दल गठन गरिन्छ। तर दलका संयन्त्रहरूको चरित्र आफैंमा असमावेशी र अलोकतान्त्रिक भएकाले जनतामा दलप्रतिको साख घट्दै छ। दलका मूल्यमान्यताको क्षयीकरणले समाजलाई मार्गदर्शन गर्न सकेको छैन। मतदाताले जनप्रतिनिधिमाथि नियन्त्रण गर्न सक्ने अधिकार प्रजातन्त्रको महत्वपूर्ण विशेषता हो। यस्ता नियन्त्रण विधिहरूको प्रयोग हामीले अभ्यास गरिरहेको बहुदलीय प्रजातान्त्रिक प्रणाली एवं निर्वाचन प्रणालीको परिवर्तनमार्फत गर्न सकिन्छ। अहिलेको सुधारिएको संसदीय प्रणालीबाट पनि शासकीय स्थिरता आउन नसक्ने हो भने यस पद्धतिका दोषहरूलाई हटाउन प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली ल्याउन सकिन्छ।

यस प्रणालीमा सरकार स्थायी र प्रभावकारी हुन्छ। सरकारका नीति तथा कार्यक्रम निश्चित अवधिसम्म बिनाअवरोध लागू गर्न सकिन्छ। संसद् र राष्ट्रपतिको निर्वाचन अलग-अलग हुने हुँदा मतदातालाई छनोटको अवसर पनि प्राप्त हुन्छ। संसद्बाट पारित विधेयकमा राष्ट्रपति असहमत भए विशेषाधिकार प्रयोग गरी अस्वीकार गर्न सक्छन्। यो व्यवस्था हाम्रा लागि त्यत्तिकै जोखिमपूर्ण पनि छ। यदि दलहरूले संसदीय प्रणालीलाई परिर्वतन गर्न चाहने हो भने जनमतको उच्च सम्मान गर्दै प्रत्याह्वान (जनप्रतिनिधिलाई पदावधि रहँदैको अवस्थामा फिर्ता बोलाउन सक्ने मतदाताको अधिकार), जनमतसंग्रह र राइट टु रिजेक्ट (मन नपरेको उम्मेदवारलाई मतपत्रबाटै अस्वीकार गर्न सक्ने मतदाताको अधिकार) जस्ता प्रत्यक्ष लोकतान्त्रिक अभ्यासहरूलाई प्रयोगमा ल्याउन सक्छन्। यस्ता अभ्यासको माग बढेर गएकाले निर्वाचन कानुनमा यसको व्यवस्था गर्नुपर्छ। यस्ता विधिलाई दलहरूले स्वीकार गर्नैपर्छ। जति धेरै विकल्पको अभ्यास मतदातालाई गर्न दिइन्छ, त्यति नै लोकतन्त्र परिष्कृत हुँदै जान्छ र पद्धतिको विकास हुन्छ।

# इन्धन ट्यांकर बिष्फोट




***बिराटनगर (प्रस) ।*** नेपाल आयल निगमको इन्धन ढुवानी गर्ने ट्याङकर विराटनगरमा शुक्रबार अपरान्ह बिष्फोट भएको छ। नेपाल आयल निगम प्रदेश १ कार्यालयबाट झण्डै ५०० मिटर उत्तरमा रहेको राम अवतार मोटरर्स ग्यारेजमा ट्यांकर विष्फोट भएको हो ।

ठूलो आवाजमा बिष्फोट भएपछि नजिकका बस्तीका घरहरु भुकम्पले हल्लाएझैं हल्लिएको थियो भने विराटनगर ४ प्रगति टोलका दुई वर्षको शिशुसहित तीन जना बेहोससमेत भएको स्थानीय किर्तिराज कार्कीले जानकारी दिए । उनका अनुसार ग्यारेजमा काम गर्ने दुई जना मजदुरसमेत बेहोस भएका थिए । बिष्फोटपछि स्थानीय त्रसित भएका छन् ।

ग्यारेजमा पार्किङ गरिराखेको ना ४ ख ७१६६ नम्बरको ट्यांकर विष्फोट हुँदा पछाडिको भाग पूर्णरुपमा क्षतिग्रस्त भएको छ । ग्यारेज नजिकका केही घरको टिनको छानासमेत उप्किएको स्थानीयले जानकारी दिएका छन् । ट्यांकरमा इन्धन नभएको र खाली रहेको हुँदा ठूलो क्षति भने हुन पाएन ।

बस्तीको छेउमा मोटर ग्यारेज सञ्चालन गर्दा स्थानीयसँग सहमति नलिएको र ध्वनी र अन्य वातावरण प्रदुषण भएको भन्दै ६ महिना अघि नै स्थानीयले ग्यारेज अन्यत्र स्थानान्तरण गर्न माग गर्दै वडा कार्यालय र विराटनगर महानगरपालिकालाई निवेदन दिएका थिए । तर वडा कार्यालयले चासो नदेखाउँदा ग्यारेज असुरक्षितरुपमा सञ्चालन भइरहेको थियो । शुक्रबारको घटनाले त्यहाँबाट तत्कालै ग्यारेज हटाउनु पर्ने भन्दै स्थानीयले दवाव दिएका छन् । उनीहरुले अब ग्यारेज सञ्चालन गर्न नदिने भन्दै तत्काल बन्द गर्न माग गरेका छन् ।

# पुजारी हत्याको विरोधमा प्रदर्शन





***झापा (प्रस) ।*** रौतहट हनुमान मन्दिरका पुजारी हत्याको विरोधमा राप्रपासम्बद्ध राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनले घटनाको सत्यतथ्य छनबिनसहित हत्यारालाई कडा कार्बाहीको माग गर्दै राजधानीमा प्रदर्शन गरेको छ । प्रदर्शनमा सहभागी संगठनका केन्द्रिय अध्यक्ष महेश सिंह लगायत १२ विद्यार्थी नेता कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएर दरबारमार्गमा राखेको छ ।

प्रदर्शनमा 'घटनाको सत्यतथ्य छानबिन गर, हत्यारालाई कार्बाही गर, हिन्दुत्वमाथिको प्रहार बन्द गर, धर्म निरपेक्षता खारेज गर' जस्ता नारा लगाईएको थियो । राप्रपा नेता राजाराम बर्तौलाका अनुसार प्रहरीले विद्यार्थी अध्यक्ष महेशबहादुर सिंह, बरिष्ठ उपाध्यक्ष निराजन बम, चेतराज सिंह, विमल ऐडी, महेश ओझा, बिजय शाही, आरके सिंह, किसान जोशी, राजकुमार थापा, राम धामी, नरेश मोरसहित १२ विद्यार्थी नेता कार्यकर्ताहरूलाई पक्राउ गरी दरबारमार्ग प्रहरी चौकीमा राखिएको छ । बर्तौलाले पक्राउ परेकाको तत्काल रिहाको माग गरेका छन् ।

# पर्यटकको दैनिक खर्च बढ्यो

***झापा (प्रस) ।*** नेपाल भ्रमण गर्ने पर्यटकले गर्ने खर्च बढेको छ । सन् २०१८ को तुलनामा सन् २०१९ मा प्रतिपर्यटक प्रतिदिन खर्च बढेको चार डलरले बढेको हो । 'नेपाल टुरिजम स्टाटिस्टिक्स-२०१९' अनुसार सन् २०१८ मा एक पर्यटकले ४४ अमेरिकी डलर खर्च गर्ने गरेकोमा २०१९ मा ४८ अमेरिकी डलर पुगेको छ । प्रतिपर्यटक प्रतिदिन खर्च २०१७ मा ५४ अमेरिकी डलर र २०१६ मा ५३ डलर थियो । २००८ मा दैनिक खर्च ७३ डलर समेत पुगेको तथ्यांक छ । सन् २०१५ यता भने पर्यटकले गर्ने खर्च घट्दै गएको देखिन्छ । सो वर्ष यस्तो खर्च ६८.५७ डलर थियो । यसपछिका वर्षमा क्रमशः घट्दै गएको छ ।

नेपाल आउने पर्यटकको प्रतिदिन खर्च घट्दै गएको भन्दै चिन्ता प्रकट भइरहेको बेला पछिल्लो प्रतिवेदनले थोरै भए पनि बढेको देखाएको छ । तर, यो सन्तोषजनक भने छैन । भूकम्प र नाकाबन्दीका वर्षमा पर्यटक आउने क्रम घटेको भए पनि विगत १० वर्षमा पर्यटन आगमनमा क्रमशः वृद्धि भएको तथ्यांकले देखाएको छ । पर्यटकअनुसार दैनिक खर्च भने बढेको छैन । पर्यटकका लागि गुणस्तरीय सेवा दिनुमा भन्दा पर्यटन सेवा प्रदायक कम्पनीहरूले प्रतिस्पर्धामा सेवाको मूल्य घटाउने प्रचलनको कारण पर्यटकको खर्च बढाउन, बसाई अबधि लम्ब्याउन



नसक्नु र सेवा प्रदायकमा नवीनता र सेवामा गुणस्तर बढाएर मूल्यमा बृद्धि गर्न नसक्नु यसको प्रमुख कारण रहेको नेपाल पर्यटन बोर्डका पूर्व प्रमूख दीपकराज जोशीको भनाइ छ । 'यहाँ तथ्याङकको सही संकलन, विश्लेषण र विश्वसनियता हुन नसक्नु पहिलो कारण छ, अर्का भनेको डिजिटल पेमेन्टको प्लेटफर्म बढेर जाँदा राजस्व चुहावट भएको छ' उनले भने, ' डिजिटलका पेमेन्ट प्लेट्फर्म बढेपछि त्यो रकम नेपाल नभित्रिएको आशंका छ र सोही कारण खर्च घटेको देखिन्छ ।' उनका अनुसार, पछिल्लो समयमा होटल र पर्यटन सेवा प्रदायक कम्पनी खोल्नेको संख्या र पर्यटक दुवै वृद्धि भएपनि गुणस्तरको अवस्था अझै बढ्न सकेको छैन ।

पछिल्लो प्रतिवेदनले भने थोरै भए पनि दैनिक खर्चसँगै बसाई अवधि र पर्यटनबाट हुने वार्षिक आम्दानी पनि बढेर देखाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशित गरेको प्रतिवेदनमा वार्षिक आम्दानीमा सन् २०१८मा ७० करोड ३१ लाख र सन् २०१९ मा आइपुग्दा ७२ करोड ४३ लाख अमेरिकी डलर रहेको छ । यस्तै, सन् २०१८ मा १२.४ प्रतिपर्यटक औषत बसाइ (दिन) रहेकोमा सन् २०१९मा १२.७ दिन पुगेको छ । पर्यटक संख्या २०१८ मा ११ लाख ७३ हजार रहेकोमा सन् २०१९मा ११ लाख ९७ हजार पुगेको छ ।

सन् २०१६ मा नेपाल आएका विदेशी पर्यटकले औसमा १३.४ दिन बस्ने गरेकोमा सन् २०१७ मा आइपुग्दा बसाई अवधि घटेर १२.६ दिनमा सीमित भएको थियो । यसैगरी सन् २०१८ मा औसतमा १२.४ र सन् २०१९ मा १२.७ दिन पर्यटक नेपाल बसेको तथ्यांक छ । पर्यटकको संख्या वृद्धिसँगै पर्यटन क्षेत्रबाट आम्दानी भने बढेर गएको छ । सन् २०१७ मा ६५ करोड ८० लाख र सन् २०१८ मा ७० करोड ३१ लाख र सन् २०१९मा आईपुग्दा ७२ करोड ४३ लाख अमेरीकी डलर रहेको छ । मन्त्रालयले आर्थिक २०७६-७७ मा पर्यटकको बसाई अवधिमा १३ दिन पर्यटक खर्चमा ५६ डलरको लक्ष्य लिएकोमा क्रमश १२ं.७ दिन र ४८ डलर मात्र प्रगति भएको जनाएको छ ।

तथ्यांकअनुसार नेपाल आउने पर्यटक सन् २००७ को तुलनामा सन् २००८ मा ५ प्रतिशतले घटेको थियो । सन् २००९ देखि लगातार यस्तो वृद्धिदर बढेको भएपनि पर्यटकले गर्ने खर्च मार्फत हुने दैनिक आम्दानी भने ओरालो लागेको छ । सन् २००८ मा प्रति पर्यटक ७३ अमेरिकी डलर दैनिक आम्दानी भएको थियो । यसपछिका वर्षहरूमा यस्तो आम्दानी घट्दै गएर सन् २०१२ मा यो तथ्यांक ३५.६ डलरमा सीमित भएको थियो । सन् २००९ देखि १२ सम्म नेपाल आउने पर्यटक क्रमशः २, १८, २२ र ९ प्रतिशतले बढेको छ । सो अवधिमा प्रतिपर्यटक दैनिक आम्दानी भने ७३ डलरबाट ६५, ४३, ३८ हुँदै सन् २०१२ मा ३५ डलरमा सीमित भएको थियो ।

# आफ्नै गीतमा पूर्वउपप्रधानमन्त्रीको 'मोडलिङ'



***झापा (प्रस) ।*** पूर्व उपप्रधानमन्त्री तथा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीका नेता वामदेव गौतम पहिलो पटक म्युजिक भिडियोमा देखिएका छन् । आफैंले लेखेको 'यो मुक्त भूमि हो बुद्ध भूमि' बोलको गीतको भिडियोमा उनले अभिनय गरेका हुन् । गीतको भिडियो शुक्रबार यूट्यूवबाट रिलिज गरिएको छ ।

राष्ट्रभक्तिमा आधारित रहेको गीतलाई मनोहर सुनामको एरेन्जमा दिग्गज संगीतकार शम्भूजित बास्कोटाले संगीत दिएका छन् । गीतमा रोशनराज गुरुङ, माण्डवी त्रिपाठी, र अञ्जना गुरुङले स्वर दिएका छन् । गीतको भिडियो दीर्घ गुरुङले खिचेका हुन् भने जीवन थापाले सम्पादन गरेका छन् ।

गौतमले रचना गरेका ४३ वटा गीतहरुलाई एकत्रित गरी गीति संग्रह पनि प्रकाशनमा ल्याइएको छ ।

यसमा सार्वजनिक भएका र हुन बाँकी उनका रचनाहरु संग्रहित छन् । प्राय गीतहरु राष्ट्रियताले ओतप्रोत छन् । त्यसबाहेक सामाजिक तथा सांस्कृतिक विषयहरुलाई उठान गरिएको छ ।

गौतमको गीत लेख्ने सौख पुरानै हो । उनले नेपालको राष्ट्रिय गानका लागि गराइएको प्रतिस्पर्धामा पनि भाग लिएका थिए । तर, उनको गीत छनोटमा परेन । छन्द कविता र गीति लेखनमा आफ्नो जीवनको प्रारम्भिक अवस्थादेखि नै रुचि रहेको गौतम बताउँछन् ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

आवश्यकता
सेक्युरीटी गार्ड : 80 जना(महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड, भद्रपुर रोड
फोन: ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला ।
**वृष** : खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।
**मिथुन** : कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन् ।
**कर्कट** : व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ ।
**सिंह** : घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ ।
**कन्या** : अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ ।
**तुला** : बलजफ्ती गर्दा समस्या आउन सक्छ ।
**वृश्चिक** : अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ ।
**धनु** : ईर्ष्या गर्नेहरूले नै काममा अवरोध पुर्याउन सक्छन् ।
**मकर** : पढाइलेखाइमा सोचेजस्तो प्रगति नहुन सक्छ ।
**कुम्भ** : आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ।
**मीन** : विश्वास गरेको व्यक्तिबाट नै धोका हुन सक्छ ।